# स्थानीय राजपत्र

## रुवी भ्याली गाउँपालिकाद्धारा प्रकाशित

खण्डः ४ | संख्याः २ | मितिः२०७७/०८/२९

**भाग-२**

रुवी भ्याली गाउँपालिकाको गाउँ सभाले संशोधन गरिएको/बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**न्यून शिक्षक भएका विद्यालयहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि-२०७७ (संशोधित)**

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।१२।१४**

**प्रस्तावनाः**

रुवी भ्याली गाउँपालिकाको शिक्षा सम्बन्धी कार्यक्रमहरुमध्ये शैक्षिक संस्थालाई सहायता कार्यक्रमका लागि विनियोजित रकम खर्च गर्ने प्रयोजनको लागि विद्यमान कानूनी व्यवस्थालाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गाउँ कार्यपालिकाले कार्यविधि संशोधन गरिएको छ।

परिच्छेद १, परिच्छेद २ को दफा ३, परिच्छेद ४ को दफा ५ को ग  र घ, परिच्छेद ६ को दफा ७ संशोधन गरिएको र अनुसूची-२ र ३ थप गरिएको छन्।

आज्ञाले,
छोईसाङ तामाङ
प्रमुख प्रशासकीय अधिकृत

# न्यून शिक्षक भएका विद्यालयहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि –२०७७

## प्रस्तावनाः

रुवी भ्याली गाउँपालिकाको सातौं गाउँ सभाबाट आर्थिक वर्ष २०७७/७८ को लागि पारित शिक्षा सम्बन्धी कार्यक्रमहरुमध्ये शैक्षिक संस्थालाई सहायता कार्यक्रम का लागि विनियोजित रकम खर्च गर्ने प्रयोजनको लागि उपयुक्त कार्यविधि बनाउन वाञ्छनीय भएकोले नेपालको संविधान २०७२ को धारा २२६, संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ **(ज)** को बुँदा नं. २१ ले दिएको अधिकार प्रयोग गरी रुवी भ्याली गाउँपालिकाले ‘‘न्यून शिक्षक भएका विद्यालयहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि –२०७७’’ बनाएको हो ।

### परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** यस कार्यविधिको नाम रुवी भ्याली गाउँपालिका भित्र सञ्चालित न्यून शिक्षक भएका विद्यालयहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि-२०७७ रहने छ । यो कार्यविधि रुवी भ्याली गाउँकार्यपालिकाको मिति २०७७-०८-२९ को बैठकबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ । दोस्रो संशोधन मिति २०८२/१२/१४ देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) **गाउँपालिका** भन्नाले रुवी भ्याली गाउँपालिकालाई जनाउँदछ ।

ख) **शिक्षा समिति** भन्नाले रुवी भ्याली गाउँपालिकाको गाउँ शिक्षा समिति भन्ने बुझ्नु पर्दछ ।

ग) **शिक्षा शाखा** भन्नाले रुवी भ्याली गाउँपालिका अन्तर्गत शिक्षा युवा तथा खेलकुद शाखा भन्ने बुझ्नु पर्दछ ।

घ) **अनुदान** भन्नाले गाउँपालिका भित्र सञ्चालित विद्यालयहरुमध्ये कम शिक्षक भएका विद्यालयहरुलाई गाउँपालिकाबाट उपलब्ध गराइने विद्यालय सञ्चालन अनुदान भन्ने बुझ्नु पर्दछ ।

ङ) **मा.वि.** भन्नाले कक्षा ९ देखि १० वा १२ सम्म सञ्चालन हुने विद्यालयलाई जनाउँदछ ।

च) **आ.वि.** भन्नाले प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म सञ्चालन हुने विद्यालयलाई जनाउँदछ ।

### परिच्छेद - २

## विद्यालय छनौट गर्ने आधार

**३. अनुदानको लागि विद्यालय छनौट गर्ने आधारहरुः** यस गाउँपालिकाभित्र सञ्चालनमा रहेका आ.वि. र मा.वि. हरुमा शिक्षक संख्या न्यून भई शैक्षिक गुणस्तरमा असर परेको यथार्थलाई मध्यनजर गर्दै गाउँपालिकाको सातौं गाउँ

सभाबाट विनियोजित बजेट रु. १,१०,००,०००/- (रु. एक करोड दश लाख मात्र) लाई वितरण गर्नको लागि अनुदान एकिन गर्न देहायका आधारहरु अपनाइनेछ। रुवी भ्याली गाउँपालिकाको दोस्रो संशोधन मिति २०८२/१२/१४ को बैठक अनुसार एक वर्षको लागि विनियोजित रकम रु १,१६,६९,०००/-(रु. एक करोड सोह्र लाख उनान्सत्तरी हजार मात्र) रहेको ।

क) कक्षा ९-१० वा ९-१२ सञ्चालन भएका विद्यालयहरुमा उच्च मा.वि. अनुदान बाहेक कम्तिमा ३ शिक्षकहरु रहने।

ख) प्रदेश अनुदान र संघीय शिक्षण अनुदान कोटालाई पनि तहगत शिक्षक दरवन्दीमा गणना गरिने।

ग) स्वीकृत दरवन्दी, राहत, प्रदेश अनुदान, संघीय शिक्षण अनुदान गरी कम्तिमा ३ शिक्षकहरु नभएका मा.वि. लाई अनुदान वितरणमा विशेष प्राथमिकता दिइने।

घ) कक्षा ६-८ सम्म सञ्चालन भएका आ.वि. हरुमा कम्तिमा ३ शिक्षकहरु रहने, कक्षा १-५ सम्म सञ्चालन भएका आ.वि. हरुमा कम्तिमा ३ शिक्षकहरु रहने र प्रारम्भिक बाल कक्षामा १ शिक्षक रहने।

ङ) अनुदान उपलब्ध गराउँदा मा.वि. तहका शिक्षकहरुको लागि मासिक रु. ३०,०००/- (रु. तीस हजार मात्र), आ.वि. (कक्षा ६-८) तहका शिक्षकहरुको लागि मासिक रू. १५,०००/- (रु. पन्ध्र हजार मात्र), आ.वि. (कक्षा १-५) तहका शिक्षकहरुको लागि मासिक रू. १३,०००/- (रु. तेह्र हजार मात्र) र प्रारम्भिक बाल विकास सहजकर्ताको लागि संघीय ससर्त अनुदान रकममा मासिक रु. ६,०००/- (रु. छ हजार मात्र थप), कक्षा १-१२ सञ्चालित विद्यालयको का.स. लाई रु. १०,०००/ (रू.दश हजार मात्र) तथा पोशाक खर्च प्रति शिक्षक/कर्मचारी लागि रु. १०,०००/- को दरले अनुदान उपलब्ध गराउने। गाउँपालिका अनुदानबाट तलव भत्ता खाने सम्पूर्ण शिक्षक, बाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुलाई अनुसूची १ बमोजिम तलव भत्ता र पोशाक खर्च उपलब्ध गराइने।

च) उपरोक्त बुँदा **(ङ)** अनुसार रकम उपलब्ध गराउँदा बाँकी हुन आएको रकम गाउँ शिक्षा समिति तथा गाउँ कार्यपालिकाको बैठकले निर्णय गरे अनुसारको विद्यालयलाई उपलब्ध गराइने।

## परिच्छेद-३
## विद्यार्थी संख्या सम्बन्धी व्यवस्था

**४. अनुदान वितरणको लागि विद्यार्थी संख्या सम्बन्धी व्यवस्थाः**

क) प्रारम्भिक बालकक्षाको लागि - विद्यार्थी संख्याको आधारमा १ शिक्षक रहने।

ख) आ.वि. कक्षा (१-३) सञ्चालित विद्यालयको लागि - कम्तिमा २ शिक्षकहरु रहने। (विद्यार्थी संख्या ५० भन्दा बढीभएमा थप १ शिक्षक)।

ग) आ.वि. कक्षा (१-५ ) सञ्चालित विद्यालयको लागि - कम्तिमा ३ शिक्षकहरु रहने (विद्यार्थी संख्या ८० भन्दा बढी भएमा थप १ शिक्षक र १२५ भन्दा बढी विद्यार्थी भएमा थप २ शिक्षक रहने सक्नेछ)।

घ) आ. वि. कक्षा (६-८) सञ्चालित विद्यालयको लागि- कम्तिमा ३ शिक्षकहरु रहने (विद्यार्थी संख्या ५० भन्दा बढीभएमा थप १ शिक्षक) ।

ङ) मा.वि. तहमा भने विद्यार्थी संख्यालाई अनुदानको लागि आधार मानिने छैन।

च) प्रति कक्षा विद्यार्थीको आधारमा शिक्षक थप गर्दा ४०, ४५ र ५० को ४०% बाट थपभई हुन आउने ५७, ६७ र ७१ विद्यार्थी संख्या भएमा १ (एक) शिक्षक थप गर्न सकिने। सो आधार रहेको तहमा लागू हुने।

छ) तहगत दरवन्दि गणना गर्दा माथिल्लो तहमा शिक्षक संख्या कम भएमा योग्यता पुगेका तल्लो तहमा कार्यरत शिक्षकहरुलाई पनि माथिल्लो तहमा गणना गर्न सकिनेछ।

ज) **(क - छ)** सम्मका माथि उल्लेखित बुदाँहरु अनुरुप नै धार्मिक विद्यालयलाई पनि अनुदान उपलब्ध गराउन सकिनेछ वा एकमुष्ट रकम अनुदान उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-४

## शिक्षक नियुक्ति प्रक्रिया

**५) शिक्षक नियुक्ति प्रक्रियाः** आ.वि. र मा.वि. तहका विद्यालयहरुलाई उपलब्ध गराइने विद्यालय सञ्चालन अनुदान रकमबाट तलब भत्ता खाने गरी शिक्षक नियुक्ति गर्दा देहायका प्रक्रियाहरु अबलम्वन गर्नु पर्नेछ।

क) गाउँपालिकाको शिक्षा शाखाबाट शिक्षक नियुक्तिका लागि सिफारिस र अनुमति प्राप्त गर्ने।

ख) कम्तिमा ७ (सात) दिनको विज्ञापनको सूचना विद्यालय, वडा कार्यालय, शिक्षा शाखा तथा गाउँपालिकाको कार्यालयमा टाँस गर्नुपर्ने।

ग) आधारभूत तहको लागि निम्न माध्यमिक तहको अध्यापन अनुमतिपत्र र माध्यमिक तहको लागि माध्यमिक तहको अध्यापन अनुमतिपत्र हुनुपर्नेछ।

घ) शिक्षक दरबन्दी वितरण नियुक्ति छनोटको लागि सम्बन्धित विद्यालयलाई अनुमति दिइने छ र शिक्षक छनौट परीक्षा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र पाठ्यभारको आधारमा हुनेछ।

च) लिखित परीक्षामा सफल भएका परीक्षार्थीहरुलाई लिइने अन्तरवार्ताको अंकभार १५ हुनेछ । जसलाई देहायबमोजिम विभाजन गरिनेछ।

- व्यक्तित्व-२ अंक
- प्रस्तुतीकरण -२ अंक
- विषयवस्तुको ज्ञान-३ अंक
- शिक्षण सीप तथा प्रविधिको ज्ञान-३ अंक
- सम्बन्धित तहका लागि निर्धारित योग्यता वापत बढीमा ३ अंक (प्रथम श्रेणीको लागि-३, द्वितीय श्रेणीको लागि-२ र तृतीय श्रेणीको लागि -१ अंक)
- माथिल्लो योग्यता वापत बढीमा २ अंक (प्रथम श्रेणीको लागि-२ र अन्य श्रेणीको लागि १ अंक)।

## परिच्छेद - ५
## शिक्षा शाखाको काम, कर्तव्य र अधिकारहरु

**६) अनुदान वितरणको लागि शिक्षा शाखाको काम र कर्तव्यहरुः**

क) विद्यार्थी संख्या तथा तहगत रुपमा विद्यालयले प्राप्त गर्ने विद्यालय सञ्चालन अनुदान रकम एकिन गर्ने।

ख) अनुदान रकम एकिन भएपछि सो विवरणलाई गाउँ शिक्षा समितिको बैठकमा पेश गर्ने।

ग) गाउँशिक्षा समितिबाट निर्णय भएपश्चात सो को प्रतिलिपि सहित लेखा शाखामा पेश गरी सम्बन्धित विद्यालयलाई रकम निकासा दिने।

घ) यस कार्यविधिको प्रतिकुल नहुने गरी सोही तहका शिक्षक नियुक्तिमा समन्वय र सहजीकरण गर्ने।

ङ) शिक्षक नियुक्तिको जानकारी शिक्षा समितिको बैठकमा पेश गर्ने।

च) गाउँपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको तह र विद्यार्थी संख्याको आधारमा पालिका अनुदानबाट तलब भत्ता खाने शिक्षक संख्या एकिन गरी गाउँकार्यपालिका बाट निर्णय गरेपछि अनुदान उपलब्ध गराउने कार्य शुरु गर्ने।

## परिच्छेद-६
## विविध

**७.अनुदान वितरण सम्बन्धी विशेष व्यवस्थाः** यस कार्यविधिमा जे लेखिएता पनि हाल आ.वि. तथा मा.वि. तहमा गाउँकार्यपालिको निर्णय बमोजिम पालिका अनुदानमा कार्यरत योग्यता पुगेका (प्रा.शि.को लागि प्रमाणपत्र तह वा सो सरह, नि.मा.वि.को लागि प्रमाणपत्र तह वा सो सरह र मा.वि. को लागि स्नातक वा सो सरह) शिक्षकहरुलाई सोही तहमा निरन्तर काम गर्न कुनै बाधा पर्ने छैन। योग्यता नपुगेका शिक्षकहरुको हकमा भने शैक्षिक सत्र २०७८ वैशाख १ गतेबाट

लागु हुने गरी सो पदबाट हटाइनेछ। यस गाउँपालिकाको सबै विद्यालयहरुको हकमा अनुसुची १ बमोजिम थपिएको प्रा.शि. अनुदान, बाल विकास सहजकर्ताको मासिक रकम, विद्यालय कर्मचारीको मासिक रकम, पोशाक खर्च लगायतका अनुदानहरु आ.व. २०७७/७८ को दोस्रो चौमासिकबाट लागु हुने गरी वितरण गरिने छ साथै श्री च्याम्राादेवी मा.वि. र श्री हिमालय सरस्वती आ.वि. का लागि दिँदै आएको शिक्षण सहयोग अनुदान आ.व. २०७७/७८ को दोस्रो चौमासिक देखि खारेज भएको मानिनेछ । दोस्रो संशोधन मिति २०८२/१२/१४ गतेको निर्णयअनुसार यस गाउँपालिकाको सबै विद्यालयहरुको हकमा अनुसूची-१ बमोजिम थपिएको प्रा.शि. अनुदान, बाल विकास सहजकर्ताको मासिक रकम, विद्यालय कर्मचारीको मासिक रकम, पोशाक खर्च लगायतका अनुदानहरु शै स २०८३ बैशाख महिनाबाट लागु हुने गरी वितरण गरिने छ।

**८. व्याख्या तथा बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्थाः** यस कार्यविधिमा उल्लेख गरिएका सबै बुदाँहरुको अन्तिम व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार गाउँकार्यापालिका तथा गाउँ सभामा निहित हुनेछ।

**९. परिमार्जन तथा संशोधनः** यस कार्यविधिमा उल्लेख गरिएका व्यवस्था तथा आधारहरुलाई आवश्यकता अनुसार जुनसुकै बखत गाउँकार्यपालिकाको बैठकबाट परिमार्जन तथा संशोधन गर्न सकिने छ।

*** समाप्त ***

# अनुसूची – १

## शिक्षक दरवन्दी वितरण-२०७७ (पालिका अनुदान)

| क्र.स. | विद्यालयको नाम | नयाँ दरवन्दी तालिका | बा. वि. /का.स. संख्या | वि.क. अनुदान (मासिक) | बा. वि./ का. स. अनुदान रकम (मासिक) | शिक्षक अनुदान रकम (मासिक) | पोशाक खर्च वार्षिक | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | लसाङ्कर्पो आ.वि. | २प्रा.शि. | | १००० | ६००० | २६००० | २०००० | ४१६००० |
| २ | गणेश हिमाल आ.वि. | २प्रा.शि. | | १००० | ६००० | २६००० | २०००० | ४१६००० |
| ३ | सम्तेन छोइलिङ गोन्पा विद्यालय | १प्रा.शि. | | १००० | ६००० | १३००० | १०००० | २५०००० |
| ४ | गोठेनदेवी आ.वि. | १प्रा.शि. | | १००० | ६००० | १३००० | १०००० | २५०००० |
| ५ | दोङदेनदेवी मा.वि. | २प्रा.शि.,१ नि.मा.शि. र २मा.शि. | | ३५०० | ६००० | १०१००० | ६०००० | १३८६००० |
| ६ | खार्सागाउँ आ.वि. | १प्रा.शि. | | १००० | ६००० | १३००० | १०००० | २५०००० |
| ७ | च्याम्प्रादेवी मा.वि. | ३नि.मा.शि.र २ मा.वि | | ३५०० | ६००० | १०५००० | ५०००० | १४२४००० |
| ८ | मुक्रापदेवी मा.वि. | १प्रा.शि. र १ नि.मा.शि. | १ का.स. | ३५०० | ६००० | २८००० | ३०००० | ४८०००० |
| ९ | डुवाङ आ.वि. | २प्रा.शि. | | १००० | ६००० | २६००० | २०००० | ४१६००० |
| १० | कन्यादेवी आ.वि. | २प्रा.शि. | | १००० | ६००० | २६००० | २०००० | ४१६००० |
| ११ | हिन्दुङ आ.वि. | २प्रा.शि. | | १००० | ६००० | २६००० | २०००० | ४१६००० |
| १२ | सङ्घर्ष आ.वि. | १प्रा.शि. | | १००० | ६००० | १३००० | १०००० | २५०००० |
| १३ | कञ्चन आ.वि. | १प्रा.शि. | | १००० | ० | १३००० | १०००० | १७८००० |
| १४ | नेवेर आ.वि. | २प्रा.शि. | | १००० | ६००० | २६००० | २०००० | ४१६००० |
| १५ | तेङचेत आ.वि. | १प्रा.शि. | | १००० | ६००० | १३००० | १०००० | २५०००० |
| १६ | रुप्टुङदेवी आ.वि. | ३प्रा.शि. | | १००० | ६००० | ३९००० | ३०००० | ५८२००० |
| १७ | लापा मा.वि. | २प्रा.शि. र २ नि.मा.शि. | | ३५०० | ६००० | ५६००० | ४०००० | ८२६००० |
| १८ | हिमालय सरस्वती आ.वि. | १प्रा.शि. र ४ नि.मा.शि. | | ३५०० | ६००० | ७३००० | ५०००० | १०४०००० |
| १९ | सातकन्या आ.वि. | २ प्रा.शि. | | १००० | ६००० | २६००० | २०००० | ४१६००० |
| २० | तिम्ला आ.वि. | २प्रा.शि. र २ नि.मा.शि. | | ३५०० | ६००० | ५६००० | ४०००० | ८२६००० |
| २१ | पञ्चकन्या आ.वि. | १प्रा.शि. | | १००० | ० | १३००० | १०००० | १७८००० |
| | जम्मा | ३२प्रा.शि..,१३नि.मा.शि. . , ४ मा.शि. र १ का.स.=५० | | ३६००० | ११४००० | ७३१००० | ५१०००० | ११०८२००० |
| | **वार्षिक जम्मा रकम** | | | **४३२०००** | **१३६८०००** | **८५९२०००** | **४९००००** | **१०८८२०००** |

# अनुसूची – २

**शिक्षा,युवा तथा खेलकुद शाखा रुवी भ्याली गाउँपालिकाको कार्यालय, सेर्तुङ**

आवश्यक गाउँपालिका अनुदान शिक्षकहरुको विवरण

| क्र स | विद्यालयको नाम | प्रा वि गा पा अनुदान | नि मा वि गा पा अनुदान | विषय | मा वि गा पा अनुदान | विषय | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | गणेश हिमाल आधारभूत विद्यालय | ० | | | | | ० | |
| २ | लासाङकर्पो आधारभूत विद्यालय | ० | | | | | ० | |
| ३ | समतेलिङ छ्योलिङ गोन्पा विद्यालय | १ | | | | | १ | |
| ४ | दोङदेन देवी माध्यमिक विद्यालय | ० | १ | अंग्रेजी | १ | सामाजिक | २ | |
| ५ | गोठेन देवी आधारभूत विद्यालय | १ | | | | | १ | |
| ६ | खर्सागाउँ आधारभूत विद्यालय | २ | | | | | २ | |
| ७ | च्याम्रादेवी माध्यामिक विद्यालय | ० | | | १ | नेपाली | १ | |
| ८ | कन्या देवी आधारभूत विद्यालय | २ | | | | | २ | |
| ९ | डुवाङ आधारभूत विद्यालय | ३ | | | | | ३ | |
| १० | मुक्रापदेवी माध्यामिक विद्यालय | १ | | | | | १ | |
| ११ | हिन्दुङ आधारभूत विद्यालय | १ | | | | | १ | |
| १२ | नेबेर आधारभूत विद्यालय | ३ | | | | | ३ | |
| १३ | पञ्चकन्या आधारभूत विद्यालय | ० | | | | | ० | |
| १४ | तिम्ला आधारभूत विद्यालय | १ | २ | नेपाली र विज्ञान | | | ३ | |
| १५ | सातकन्या आधारभूत विद्यालय | ३ | | | | | २ | |
| १६ | रुप्टुङ आधारभूत विद्यालय | २ | | | | | २ | |
| १७ | लापा माध्यामिक विद्यालय | ० | १ | विज्ञान | २ | सामाजिक र नेपाली | ३ | |
| १८ | हिमालय सरस्वती आधारभूत विद्यालय | १ | २ | नेपाली र सामाजिक | | | ३ | |
| १९ | कन्चन आधारभूत विद्यालय | ० | | | | | १ | |
| २० | तेङचेत आधारभूत विद्यालय | १ | | | | | १ | |
| २१ | संर्घष आधारभूत विद्यालय | ० | | | | | ० | |
| | **जम्मा** | **२२** | **६** | | **४** | | **३२** | |

**नोटः शिक्षा ऐन २०२८ र नियमावली २०५९ भन्दाको व्यवस्था नभई यस रुवी भ्याली गाउँपालिकाको कठिन भौगोलिक अवस्था र विषयगत शिक्षक मिलान गर्न विद्यालयको तह अनुसार शिक्षक संख्या विवरण तयार गरिएको।**

# अनुसूची – ३

## शिक्षक दरवन्दी वितरण-२०८२ (पालिका अनुदान)

| क्र.स. | विद्यालयको नाम | नयाँ दरवन्दी तालिका | बा. वि. /का.स./लेखा संख्या | का.स. अनुदान (मासिक) | बा. वि./लेखा अनुदान रकम (मासिक) | शिक्षक अनुदान रकम (मासिक) | पोशाक खर्च वार्षिक | जम्मा १२ महिनाको मासिक तलब र चाडपर्व खर्च र पोशाक भत्ता |
|---|---|---|---|---|---|---|---|---|
| १ | लसाङ्कर्पो आ.वि. | प्रा.शि.-० | | २५०० | ६५०० | ० | ० | १,१७,००० |
| २ | गणेश हिमाल आ.वि. | प्रा.शि.-० | | २५०० | ६५०० | ० | ० | १,१७,००० |
| ३ | सम्तेन छोइलिङ गोन्पाविद्यालय | १ प्रा.शि. | | ० | ० | १८५०० | १०००० | २,५०,५०० |
| ४ | गोठेनदेवी आ.वि. | १ प्रा.शि. | | २५०० | ६५०० | १८५०० | १०००० | ३,६७,५०० |
| ५ | दोङदेनदेवी मा.वि. | प्रा.शि.-०,१ नि.मा.शि. र १मा.शि. | | ५५०० | ६५००/५००० | २३०००/३२००० | २०००० | ९, ५६,००० |
| ६ | खार्सागाउँ आ.वि. | २ प्रा.शि. | | २५०० | ६५०० | ३७००० | २०००० | ६,१८,००० |
| ७ | च्याम्प्रादेवी मा.वि. | मा.वि- १ नेपाली | | ५५०० | ६५००/५००० | ३२००० | १०००० | ६,४७,००० |
| ८ | मुक्रापदेवी मा.वि. | प्रा.शि-१ | | ५००० | ६५००/५००० | १८५०० | १०००० | ४,६५,००० |
| ९ | डुवाङ आ.वि. | प्रा.शि.- ३ | | २५०० | ६५०० | ५५५०० | ३०००० | ८,६८,५०० |
| १० | कन्यादेवी आ.वि. | प्रा.शि.-२ | | २५०० | ६५०० | ३७००० | २०००० | ६,१८,००० |
| ११ | हिन्दुङ आ.वि. | प्रा.शि.-१ | | २५०० | ६५०० | १८५०० | १०००० | ३,६७,५०० |
| १२ | सङ्घर्ष आ.वि. | प्रा.शि.-० | | २५०० | ६५०० | ० | ० | १,१७,००० |
| १३ | कञ्चन आ.वि. | प्रा.शि.-१ | | २५०० | ० | १८५०० | १०००० | २,८३,००० |
| १४ | नेवेर आ.वि. | प्रा.शि.-३ | | २५०० | ६५०० | ५५५०० | ३०००० | ८६८५०० |
| १५ | तेङचेत आ.वि. | प्रा.शि.-१ | | २५०० | ६५०० | १८५०० | १०००० | ३,६७,५०० |
| १६ | रुप्टुङदेवी आ.वि. | प्रा.शि.-२ | | २५०० | ६५०० | ३७००० | २०००० | ६,१८,००० |
| १७ | लापा मा.वि. | नि.मा.शि.-१ मा.शि.-२ | | ५००० | ६५००/५००० | ८७००० | ३०००० | १३,७५,५०० |
| १८ | हिमालय सरस्वती आ.वि. | प्रा.शि.-१ र ४ नि.मा.शि.-२ | | ३५०० | ६५०० | ६४५०० | ३०००० | ९,९८,५०० |
| १९ | सातकन्या आ.वि. | प्रा.शि.-२ | | २५०० | ६५०० | ३७००० | २०००० | ६,१८,००० |
| २० | तिम्ला आ.वि. | प्रा.शि.-१ र नि.मा.शि.-२ | | ३५०० | ६५०० | ६४५०० | ३०००० | ९,९८,५०० |
| २१ | पञ्चकन्या आ.वि. | १प्रा.शि. | | २५०० | ० | ० | ० | ३२,५०० |
| | जम्मा | प्रा.शि..,२२नि.मा.शि.. , ६ मा.शि.-४ का.स.=३२ | | | | | | १,१६,६९,००० |
| | वार्षिक जम्मा रकम | | | | | | | |

आज्ञाले<br>
टंक बहादुर नेगी<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
रुवी भ्याली गाउँपालिका